## आ.व. २०८२/०८३ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या ६

आज मिति २०८२।०७।१३ गतेका दिन यस बागनासाकाली गाउँ कार्यपालिकाको आ.व. ०८२/८३ को छैटौं बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष(प्रवक्ता) | |
| ४ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

<u>अन्य उपस्थिती</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुजन घिमिरे | प्र.अ. | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु :

१. समिक्षा सम्वन्धमा ।
२. वजेट माग सम्वन्धमा ।
३. नदिजन्य पदार्थ संकलन सम्वन्धमा ।
४. विपद व्यवस्थापन समितिको प्रस्ताव सम्बन्धमा ।
५. विविध ।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०६/३१ गतेको कार्यपालिका वैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. वडा नं. ८ मा संचालित लिदिनखोला लिफ्टङ खानेपानी योजना सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरी आयोजना सम्पन्न गरिदिनुहुनका लागि श्री संघिय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, बुटवल, रुपन्देहीलाई अनुरोध गरियो ।

२. आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरुको हालसम्म प्राविधिक लागत अनुमान तयार भई सकेको भए वडा कार्यालयहरुमै गई योजना सम्झौता तथा बैंक खाता खोल्ने कार्यक्रम संचालन गर्न साथै आवश्यक कागजात सहित जानकारीका लागि सूचना प्रकाशन गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा

क) आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ८ मा बराङ्दी स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि संघिय सरकारबाट रू. ३८,८६,०००/- र यस पालिकाबाट रू.१०,००,०००/- विनियोजन भएकोमा उक्त आधारभुत स्वास्थ्य केन्द्र निर्माण गर्न प्राविधि लागत अनुमान अनुसार रू ६०,०१,३४६।७९ लाग्नेमा थप नपुग रकम रू ११,१५,३४६।७९ (अक्षेरुपि एघार लाख पन्ध्र हजार तिन सय छयालिस रुपैया र उनानअसी पैसा मात्र) बजेट उपलब्ध गरिदिनुहुनका लागि लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

ख) आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ६ दर्पुगमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्नका लागि संघिय सरकारबाट रू. ३७,००,०००/- विनियोजन भएको र उक्त केन्द्र निर्माण गर्न थप रकम रू २०,००,०००/- (अक्षेरुपि वीस लाख मात्र) नपुग रहेको हुँदा बजेट उपलब्ध गरिदिनुहुनका लागि लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा क) बगनासकाली गाउँपालिका वडा नं.१ को तानसेन चुहारे खोला र वडा नं २ को तिनाउ नदी अन्तर्गतका बगर क्षेत्रको नदिजन्य पदार्थ उत्खनन्/ निकासी ब्यवस्थापन गर्ने सम्बन्धमा नदीजन्य पदार्थ उत्खनन्/ निकासी कार्य ठेक्काबाट गराउँन मिति २०८२/०५/१७ मा प्रथम पटक मिति २०८२/०६/१० मा दोस्रो पटक र वडा नं. ७ मा पर्ने